नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सूचना प्रविधि शाखा

पत्र संख्या : ८२/८३
च.नं. : सु.प्र./४८९६

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८३/३/१६

श्री मन्त्रालय/आयोग/सचिवालय (सबै),
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सबै प्रदेश),
श्री स्थानीय तह (सबै)।

विषयः मोबाइल स्क्यानिङ एप प्रयोग गरी सरकारी कागजात स्क्यान नगर्ने सम्बन्धमा।

सरकारी कामकाजमा प्रयोग हुने आधिकारिक कागजातहरूको गोपनीयता र सुरक्षित अभिलेखीकरणको सुनिश्चित गर्नु प्रत्येक कार्यालय तथा कर्मचारीको दायित्व हो। हाल सरकारी कार्यालयहरूमा विभिन्न मोबाइल स्क्यानिङ एपहरूको प्रयोग गरी मोबाइल क्यामेराबाट कागजात स्क्यान गर्ने वा तस्विर खिची सरकारी पत्राचार, निर्णय, अभिलेख तथा अन्य आधिकारिक प्रयोजनका लागि प्रयोग गर्ने प्रवृत्ति बढ्दै जाँदा कार्यालयका संवेदनशील एवं गोप्य राख्नुपर्ने कागजातहरूको गोपनीयतामा प्रतिकुल असर पर्न सक्ने हुनाले त्यस्ता कागजातहरु मोबाइल स्क्यानिङ एपहरू (जस्तैः Cam Scanner) को प्रयोग गरी स्क्यानिङ गर्ने कार्य नगर्न र नगराउनु हुन आदेशानुसार अनुरोध छ।

(बोधराज बराल)
कम्प्युटर इन्जिनियर

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np